आ.व. २०८१।०८२

बैठकः- नगर कार्यपालिका बैठक

अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं. ०६।०८१।०८२

मितिः-२०८१।०९।२३ गते

स्थानः- ता.न.पा मिनिहल

समयः- दिउसो २.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा ८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा १० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री पिताम्वर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री बुमल दर्लामी | का.वा. वडाअध्यक्ष | ता.न.पा. ९ | |

तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, तानसेन, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल, २०७३

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको मिति २०८१।८।२८ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको बारेमा समीक्षा गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको बजेट तथा योजना तर्जुमा समितिबाट चालु आ.व.२०८१/०८२ को बजेट योजना तथा कार्यक्रममा संशोधनको लागि सिफारिस भई आएको बजेट योजना तथा कार्यक्रम र तानसेन नगरपालिकाको विनियोजन, ऐन २०८१ (संशोधन विधेयक) १६ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

रुरु क्षेत्रमा हुने माघे संक्रान्ति मेला संचालनबाट राजश्व संकलनको लागि यस अघी नियमानुसार दुई पटकसम्म ठेक्का आह्वान गर्दा बोलपत्र पेश हुन नआएको र माघेसक्रान्ती समेत नजिकै आएको सन्दर्भमा पून सोही प्रकृया अवलम्वन गर्न समय अभाव हुने र विलम्व हुने साथै मेला समयमै समाप्त हुने भएकोले तानसेन नगरपालिका वडा नं.१४ वडा समिति/कार्यालयलाई कार्य सम्पादनको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिका स्थित टुडिखेलमा मेला महोत्सव संचालन गर्नका लागि पूर्व निर्धारण भएको श्रोत न्यूनतम् रकम रु. ६१०००००।- (अक्षेरुपी एकसटठी लाख मात्र ।) कायम गरी नियमानुसार बोलपत्र आह्वानको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै टुडिखेलको मेला महोत्सवमा राखिने अधिकतम स्टल भाडा रकम र प्रवेश टिकट शुल्क देहाय बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

१. स्टल भाडा अधिकतम दर

क होटल तथा रेष्टुरेन्ट रु ३५०००।

ख व्यापारिक स्टल रु २५०००।

ग स्थानीय उत्पादनका स्टल रु १६०००।

घ.स्थानीय कृषि, पशु, कुटिर उद्योग, घरेलु उद्योग प्रदर्शनी स्टल निशुल्क (३०स्टल)

२ . प्रवेश टिकट दर

क साधारण प्रवेश टिकट रु ७५।

ख विद्यार्थी प्रवेश टिकट रु ५०।

ग जेष्ठ नागरिक , अपाङ्गता भएका व्यक्ति र ५ वर्ष मुनिका बालबालिका निशुल्क

**निर्णय नं. ५**

तानसेन नगरपालिकामा पर्यटन क्षेत्रको विकास र लगानी मैत्री वातावरण सिर्जना गर्नको लागि सम्वधित सरोकारवालाहरुको सहकार्य र समन्वयमा पर्यटनसँग सम्बन्धित अन्तर्क्रियात्मक गोष्ठि आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको चालु आ.व.को नगर विकास योजनाको गार्गी मा.वि. लेखा विषयको शिक्षक व्यवस्थापन अनुदान शिर्षकमा विनियोजित बजेट रकम रु. ५,६७,९५७। (पाँचलाख सन्सट्ठीहजार नौसय सन्ताउन्न मात्र) बाट महिला शिक्षक सुत्केरी भएको अवस्थामा सम्वन्धित शिक्षकले नियमानुसार पाउने

प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरकार्यपालिकाको कार्यालय, तानसेन, पाल्पा

नगर प्रमुख

प्रशुती विदा बसेको अवधिभरी विद्यार्थीहरुको अध्ययनमा बाधा हुन नदिन उक्त विदा अवधिभरीका लागि करारमा सट्टा शिक्षक भर्ना गरी काममा लगाउने, साथै उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नका लागि कार्यविधि बनाई लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिकाको चालु आ.व.को न्यायिक समितिबाट पेश भएको प्रतिवेदन स्वीकृत गरी १६ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाको विज्ञापन नं. ५।२०८१।०८२ एम.आई.एस.अपरेटर पदको परिक्षामा सम्लग्न देहायको उम्मेदवारले सफलता प्राप्त गरि समितिबाट सिफारिस भई आएकोले समितिको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

१. श्री सुमन गहतराज ता.न.पा. ११ एम.आई.एस.अपरेटर

**निर्णय नं. ९**

बुद्ध जयन्ती मूल समारोह समिति तानसेन पाल्पाले बुद्ध धर्म सम्बन्धी विविध कार्यक्रम संचालन गर्दै आएकोले उक्त कार्यक्रमको लागि रु. १,००,०००। (एकलाख मात्र) चालु आ.व.को नगरविकास योजनाको नगरस्तरीय विषयगत कार्यक्रमको **कला संस्कृति तथा सम्पदा संरक्षण** कार्यक्रम शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिकाको गत आ.व.को LISA र FRA को नतिजाबारे बैठकमा जानकारी भई छलफल गरियो । यसको नतिजा सार्बजनिक गर्नका लागि नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको मेला महोत्सव कार्यविधि, २०८१ को मस्यौदा उपर विस्तृत अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न पून विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका वडा नं. ५ मा निर्माणधिन बसपार्क निर्माणको म्याद थप गरी पाउ भनी निर्माण व्यवसायी **स्यम्भु रेड अर्थ हमाल जेभीबाट** निवेदन प्राप्त भएकोमा प्राविधिक प्रतिवेदनका आधारमा मिति २०८२ कार्तिक मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिकाको चालु आ.व.२०८१/०८२ को लागि महिला मैत्री पूर्वाधार कार्यक्रम तर्फ विनियोजित रकम रु. २००००००। बाट देहाय बमोजिमको योजना स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

देहाय :

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १ | गाईमूखे धारा मर्मत | ११ | ४२०००० |
| २ | मौवाडांडा खानेपानी व्यवस्थापन | १२ | ३४०००० |

[signature]
शिलाकर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

[signature]
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ३ | धारादी खानेपानी व्यवस्थापन | १२ | १४०००० |
| ४ | केरवादी हेल्थपोष्ट | १३ | ५५०००० |
| ५ | ऋषिकेश मन्दिर परिसर स्तनपान कक्ष निर्माण | १४ | ५५०००० |
| | जम्मा | | २०००००० |

**निर्णय नं. १४**

तानसेन नगरपालिकाको चालु आ.व. का देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधन गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो।

देहाय :

**नगर तथा वडास्तरीय योजना तथा कार्यक्रममा संशोधन** (अनुसूची-५ र ६ संग सम्बन्धित)

| क्र.सं. | हालको योजनाको नाम | वडा नं. | विनियोजित रकम | क्र.सं. | हुनुपर्ने योजना नाम | विनियोजित रकम |
|---|---|---|---|---|---|---|
| १ | गोर्खेकोट देउराली खुल्ला व्यायामशाला निर्माण तथा परिटिट्टी खानेपानी स्तरोन्नती | १ | ५००००० | १ | गोर्खेकोट देउराली नजिक मो.वा. स्तरोन्नती | ४००००० |
| २ | खेलकुद तथा व्यायाम सामान खरिद | १ | २५०००० | २ | खेलकुद तथा व्यायाम सामान खरिद | ३५०००० |
| ३ | माथिल्लो गैरागाउ देखि पानी टकी निस्कने बाटो स्तरोन्नती तथा खानेपानी पाईप लाईन विस्तार | १ | ५५०००० | ३ | माथिल्लो गैरागाउमा खानेपानी व्यवस्थापन | १५०००० |
| | | | | ४ | नारीगुराश चोक नजिक डल तथा बाटो निर्माण | ४००००० |
| ४ | मर्मत सभार | १ | २३५००० | ५ | मर्मत सभार | ३३५००० |
| ५ | विपद व्यवस्थापन | १ | १००००० | | | |
| ६ | त्रिभुवन बहुमुखी क्याम्पसमा प्रोजेक्टर व्यवस्थापन | २ | २००००० | ६ | त्रिभुवन बहुमुखी क्याम्पसमा फर्निचर व्यवस्थापन | २००००० |
| ७ | पोहोलधारा संरक्षण तथा अधुरो चौपारी सम्पन्न | २ | २००००० | ७ | पोहलधारा चौपारी तथा असनटोल डल मर्मत | २००००० |
| ८ | महाचैत्य विहारमा प्लाष्टर कार्य | ३ | १५०००० | ८ | ता.न.पा. ३ मा सि.सि. क्यामरा जडान | १५०००० |
| ९ | सुत्केरी पोषण कार्यक्रम | ५ | १५०००० | ९ | सुत्केरी पोषण कार्यक्रम र गाउघर सुदृढीकरण कार्यक्रम | १००००० |
| | | | | १० | महिला लक्षीत कार्यक्रम | ५०००० |
| १० | डिवारी खा.पा.टकी निर्माण | ५ | ३००००० | ११ | डिवारी खा.पा.टकी निर्माण | ११०००० |
| | | | | १२ | डिवारी बाटो निर्माण | १९०००० |
| ११ | सालघारी बाटो सालघारी | ५ | २००००० | १३ | छापथोक ट्रस निर्माण | २००००० |
| १२ | वडाकार्यालय सम्पुर्ण स्टेशनरी Colourred 3 in 1 printer Photocopy/scanner डेस्कटप कम्प्युटर खरिद | ६ | १५८००० | १४ | विन्दु फुलबारी स्तरोन्नती | १५८००० |
| १३ | प्रभास सामुदायिक भवन निर्माण | ७ | १००००० | १५ | आमशान्ती विश्वविद्यालयमा भवन निर्माण | ७५००० |
| | | | | १६ | प्रभास डाडामा पार्क सौन्दर्यीकरण | २५००० |
| १४ | पोषपाखा डुंगे घम्ती RCC पर्खाल निर्माण | ८ | १५०००० | १७ | पोषपाखा डुंगे घम्टी पर्खाल निर्माण | १५०००० |
| १५ | पौहेल चौपारी शिखरडाडा मो.वा.भल व्यवस्थापन | ८ | १५०००० | १८ | वडाघर टोल शारदा सिरसिर मो.वा. मर्मत | १५०००० |
| १६ | विपद व्यवस्थापन | १० | १००००० | १९ | बेलगैगमा पुल संरक्षण तथा जाली भर्ने | १००००० |
| १७ | वडा कार्यालय परिसरमा विश्रामस्थल निर्माण वर पिपल चौपारी स्तरोन्नती | १० | २८९४१२८० | २० | वडा कार्यालय गणशाल मो.वा. स्तरोन्नती | २८९४१२८० |
| १८ | खिलवापानी सामुदायिक भवन निर्माण बाँकी | ११ | ३००००० | २१ | भदगौडा तीनवाकरी भाटखाटो स्तरोन्नती | ५००००० |
| १९ | सामुदायिक भवन ट्रस निर्माण कुरडखोला तल्लो टोल | ११ | १५०००० | | | |
| २० | लिपिन्देवी मन्दिर दशै पूर्णीमा मेला (मगर नाच) ५००००। तथा पाल्नु गणेश मन्दिर मर्मत ५००००। | ११ | ५०००० | | | |
| २१ | सार्वजनिक प्रा.वि. भुई बनाई तथा फर्निचर खरिद | १२ | १००००० | २२ | सार्वजनिक प्रा.वि. कोठा प्लाष्टर तथा रंगरोगन | १००००० |
| 22 | वडाकार्यालय भवन निर्माण वडा नं.१२ | १२ | १०००००० | २३ | वडा कार्यालय भवन रंगरोगन,भयाल ढोका तथा सिढीमा ग्रेनाइट | ५७२८३४२३ |
| | | | | २४ | वडा कार्यालयको फर्निचर व्यवस्थापन | ४२७१६५७७ |
| २३ | कृषकलाई प्रोत्साहन बमोजिम पशु बिमा कार्यक्रम | १३ | १५०००० | २५ | पशु स्वास्थ्य शिविर कार्यक्रम | १५०००० |
| २४ | बौद्ध धर्म सम्बन्धी कला संस्कृती संरक्षण | १३ | १००००० | २६ | बौद्ध विहारमा ट्रस निर्माण | १००००० |
| २६ | कुडापानी सहिद स्मृती प्रतिक्षालय अधुरोकाम शौचालय र खानेपानी समेत | १४ | ५००००० | २८ | अधुरो टाकुरी छहरेबन करीडोर गोरेटो बाटो निर्माण | ५००००० |
| २७ | कुडापानी फुटबल ग्राउण्ड स्तरोन्नती | १४ | २००००० | २९ | रनवा खेतको बाटो ग्राबेल न्यौपाने गाउ बाल तथा कोलाचौर तिर्तिरे टोल हुदै श्याहा जोड्ने बाटो स्तरोन्नती | २००००० |
| २८ | वडा अध्यक्ष कप भलिबल प्रतियोगिता तथा खेलकुद सामग्री वितरण कार्यक्रम | १४ | २००००० | ३० | खेलकुद सहयोग तथा खेलकुद सामाग्री वितरण क्लबलाई | २००००० |

पितांबर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

**निर्णय नं. १५**

तानसेन नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको २०८२ आषाढ मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौ को च.नं ७२७९६ मिति २०८१।३।१० र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त च.नं प्र.नि./५२१/१०९८ मिति २०८१।३।१४ को पत्रहरुको सम्बन्धमा बैठकमा जानकारी भयो । पत्रमा उल्लेखित कतिपय विकास निर्माणमा संघ, प्रदेश र स्थानीय सरकारवाट यसै आ.व मा योजना र बजेट विनियोजन गरी कार्यान्वयनको चरणमा रहेका र मुलतः भवन लगायतका निर्माणका योजनाहरुका सम्बन्धमा संघसंस्था निकायको जग्गाको स्वामित्व नभएको सन्दर्भमा कार्यान्वयन गर्न निकै जटिलता सिर्जना भएको हुँदा स्पष्ट राय सुझाव माग गर्न र उक्त सवालमा पुनरावलोकनको लागि उल्लिखित निकायहरु, संघ तथा प्रदेश सरकार, नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासँघमा तत्काल पत्र लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिका क्षेत्रमा पर्ने कालीगण्डकी नदी तथा तिनाउ खोला विभिन्न क्षेत्रको नदीजन्य वस्तु संकलन तथा उत्खननको लागि नगरपालिकाबाट तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७९ को नियमानुसार निर्णयको मितिले १ वर्ष सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

तानसेन गुठी काठमाण्डौंको समन्वय र काठमाण्डौ ईनिजिनियरिङ्ग कलेजको प्राविधिक सहयोग तथा नगरपालिकाको सहकार्यमा यस नगरपालिकाको सम्पदा संरक्षण तथा पर्यटन गुरुयोजना तयार भएकोमा उक्त गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिकाको जेसीवी (डोजर)मिति २०८१।४।९ मा रु.२,७८,००७। बराबरको मर्मत कार्य सम्पन्न गरी प्रयोग हुदै आईरहेकोमा पुन उक्त डोजर विग्रन गई मर्मत गर्नुपर्ने भएको र मर्मतको लागि लागत रकम रु.२,१३,५७८। (दुईलाख तेह्रहजार पाँचसय अठहत्तर मात्र) Maw Earth Movers pvt/ltd र Gyanendra Earth Moversवाट लागत अनुमान तयार भई पेश हुन आएकोले उक्त जेसीभी (डोजर) तत्काल मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिकाको तानसेन रानीमहल क्षेत्रमा केबुलकार संचालनको लागि सिफारिस सहित अनुमतिको लागि श्री तानसेन रानीमहल केवलकार प्रा.लि.बगनासकाली, ९ पाल्पाबाट लिखित निवेदन पेश हुन आएकोमा उक्त संस्थालाई केबुलकार संचालनको लागि सिफारिस सहित अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

क) २०८१ साल आश्विन महिनामा परेको अविरल बर्षातको कारण यस नगरपालिकाका विभिन्न क्षेत्रमा धानवाली लगायत अन्नवालीको क्षति भएकोमा उपलब्ध क्षती विवरण अनुसार कृषि शाखाबाट प्रमाणित गरी यस नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट प्रति रोपनी रु.५००।- का दरले सहुलियत रकम उपलब्ध गराउने निर्णय गरियो ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा

नगर प्रमुख

ख) विपद् व्यवस्थापन कोषबाट संचालन हुनेगरी सरोकार निकायको सहकार्य र परामर्शसेवा समेतबाट तानसेन नगरपालिकाको लागि आवश्यक विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, स्थानीय विपद् जोखिम तथा व्यवस्थापन योजना (LDRMP), विपद जोखिम नक्शांकन अध्ययन प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

यस नगरपालिकामा निजी रुपमा स्थापना भएको सम्पदा प्रतिष्ठा संग्राहलयले तानसेन नगरपालिका वडा नं. ६ मा साविकको लहरेपिपल प्रा.वि.को भवनको कोठामा संग्राहालयका सामाग्रीहरु राखेको र उक्त स्थानमा नियमित रुपमा राख्ने व्यवस्था होस् भनी अनुरोध भई आएकोमा मिति २०८२ आषाढ मसान्तसम्मको लागि यथावत रुपमा संचालन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

खानेपानी तथा सरसफाई स्वच्छता योजना (WASH Plan) को निर्माण गर्न मिति २०८०।९।२२ गते कार्यादेश दिईएकोमा सो म्याद मिति २०८१।२।३० मा समाप्त भएकोले थप कामको प्रक्रिया अगाडि बढाउनका लागि मिति २०८२ आषाढ मसान्तसम्म म्याद थप गर्ने र नगरसभावाट रकम व्यवस्थापन गरी आगामी आ.व मा भुक्तानी बाँकी रहेको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

तानसेन नगरपालिकाको चालु आ.व.को पौष २३ गतेसम्मको आय रु. २२६५८१३१।- व्यय तर्फ रकम रु. १९४०६७८१७।- बराबरको आय व्यय विवरण स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

नेपाल रेडक्रस सोसाइटी पाल्पा अन्तर्गत ब्लड बैंक र लायन्स लाकौल आँखा अस्पतालको वार्षिक स्वीकृत योजना/कार्यक्रमको बोलपत्र आह्वानको कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २५**

नगर क्षेत्र भित्रका घर/बाटो सिफारिस सम्वन्धमा सेवाग्राहीले मालपोत कार्यालयको लागि सम्पन्न प्रमाणपत्र वा अभिलेख पत्र दिनु पर्नेमा घर निर्माण सम्पन्न र अभिलेख प्रमाण पत्र नभएको अवस्थामा सोही आर्थिक वर्षको नक्शा पास गर्दा लाग्ने दस्तुर लिई सिफारिस दिन नगरसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

तानसेन नगरपालिका वडा नं. २, ३ र ४ दरबार क्षेत्र परिसरमा रहेका टंकी बहाल असुलीको सम्वन्धमा पटक पटक ताकेता गर्दा समेत असुली नभएको हुँदा निज व्यक्तिहरुलाई अन्तिमपटक १५ दिनको म्याद दिई पत्राचार गर्ने र तत्पश्चात पनि भुक्तानी नभएमा यस नगरपालिकाबाट उपलब्ध गराइने सबै सेवा रोक्का गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

पाल्पाली होजियार उद्योग तानसेन, पाल्पाबाट होजियारी उद्योगको प्रवर्द्धनको लागि लागत साझेदारीमा विद्युतीय होजियारी मेशिन माग गरिएकोमा यस नगरपालिकाबाट आवश्यक प्रकृया पुरा गरी संघीय सशर्त कार्यक्रम १०० वटा स्थानीय तहमा महिला उद्यमशिलता विकास सहजीकरण केन्द्र संचालन कार्यक्रमबाट बढिमा रु.२०००००। (अक्षेरुपी दुई लाख मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो ।

पितःम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

नगर प्रमुख

CamScanner

**निर्णय नं. २८**

तानसेन नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश गरिएको अनुगमनको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

सागर माहुरीपालन समूहबाट यस नगरपालिकामा नियमानुसारको रु.४५०००। धरौटी रकम जम्मा गर्नुपर्नेमा नगरपालिकाको आन्तरिक कोषमा जम्मा हुन गएकोले हिसाव मिलान गरी नियमानुसार फिर्ता गर्नुपर्ने धरौटी रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

हाम्रो तानसेन नगर बुलेटिन छपाई कार्य सम्पन्न भएको उक्त छपाईको भुक्तानी दायित्व रहेकोले श्री असिम प्रेस एण्ड स्टेशनरी उद्योग बुटवललाई नियमानुसारको उक्त प्रकाशन बापतको रकम रु. १,८०,०००। (एकलाख असी हजार मात्र) तानसेन नगरपालिकाको **प्रवक्ता पत्रकार साक्षरता कार्यक्रम शिर्षकवाट** भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३१**

अष्ट्रेलियन स्वयंसेवकबाट यस नगरपालिकाको पर्यटन विकासको कार्यमा पुरयाउने सहयोगमा आवश्यक सहजिकरण गर्न TACT संयोजक श्री सागरमान महर्जनलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

औद्योगिक ग्रामको निर्माण कार्य सिघ्र सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थाको लागि उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

तानसेन नगरपालिका वडा नं. ६ मा अवस्थित विरेन्द्रपार्कको सरसफाई तथा व्यवस्थापन र रेखदेख कार्यको जिम्मेवारी वडा नं. ६ वडा कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३४**

तानसेन नगरपालिकाको नागरिक जवाफदेहिता दिने गरी आ.व. ०८१।०८२ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई तानसेन नगरपालिका वडा नं. ७ प्रभासमा मिति २०८१ पौष २८ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

लुम्बिनी साहित्य संगम लुम्बिनी प्रदेशको आयोजनामा प्रदेश स्तरीय श्रष्ठाहरुको भेला गरी साहित्य सृजना कार्यक्रम तानसेनमा सम्पन्न गरेकोले उक्त सस्थालाई तानसेन नगरपालिकाको कला संस्कृति शिर्षकवाट रु.१०,०००। (दशहजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३६**

तानसेन नगरपालिका वडा नं. ७ स्थित दुध डेरी उद्योग देखि रेवत वरालको घरसम्मको नाली पुरिएर जाम भई समस्या उत्पन्न भएकोले उक्त नाली मर्मत तथा सुधार गर्नका लागि तानसेन नगरपालिका नगर विकास योजना ०८१।०८२ को मर्मत सम्भार कोष शिर्षकवाट रु. ५२,४४५। (वाउन्नहजार चारसय पैतालिस मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश

नगर प्रमुख

CamScanner

**निर्णय नं. ३७**

तानसेन नगरपालिका भित्र सुविधाजनक CITI HALL को अत्यावश्यक भएकोले CITI HALL निर्माण कार्यका लागि आवश्यक स्थान र लागत अनुमान सहित सहयोगका लागि नेपाल स्थित भारतीय दुतावासमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

तानसेन नगरपालिका स्थित श्रीनगर क्षेत्रको पर्यटन प्रवद्धन गरी तानसेनको पर्यटन विकासमा सहयोग पुग्ने र तानसेन नगरपालिकाको थप आर्थिक समृद्धि हुने हुँदा उक्त श्रीनगर क्षेत्रको ५ (पाँच) हेक्टर जमिन भोगाधिकार लिनका लागि नेपाल सरकार र सम्वन्धित मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**

तानसेन नगरपालिकाको विनियोजन ऐन २०८१ (आ.व.०८१।०८२) अन्तर्गत अनुसुची ३ मा गत आ.व. ०८०।०८१ मासम्फौता भई यस वर्ष(०८१।०८२) का लागि दायित्व सरी आएका योजनाहरुको सम्वन्धमा कतिपय योजनाहरु गत वर्षनै सम्पन्न भई भुक्तानी दिन बाँकी रहेको र कतिपय योजनाहरु सम्फौता भई यस आ.व.मा सम्पन्न गर्नुपर्ने अवस्थाका योजनाहरु रहेको भएतापनि भुलवस वजेट नं ८०५५०४०११२७ गत आ.व.को भुक्तानी दिनुपर्ने योजना भनि उल्लेख हुँन गएको हुँदा गत आ.व ०८०।०८१ मा सम्पन्न योजनाको मूल्यांकन गरी भुक्तानी दिने र बाँकी अधुरो योजनाहरुको बाकीं काम यसै आ.व.मा कार्यान्वयन भएकोले देहाएका योजनाहरु अनुसूची ३ वमोजिम योजना र सो को लागि विनियोजित वजेटवाट भुक्तानी दिनेगरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ कि.मी पीच ता.न.पा. १२ र १३ | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | ४ | N/A | ८५,००,००० |
| २ | नगर सडक गुरुयोजना | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | ८,००,००० |
| ३ | बेल्टारीघाट झो.पु., ता.न.पा.९ | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | ४ | N/A | २०,००,००० |
| ४ | सडक बोर्ड नेपाल ता.न.पा. १,३,५,७,८ | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक श्रोत - नगद | ४ | N/A | ४१,००,००० |
| ५ | अन्य योजना तथा कार्यक्रम | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | १ | संख्या | ६८,३९,२१५ |
| ६ | औद्योगिक ग्राम | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | ५०,००,००० |
| ७ | ता.न.पा. ठूलो सभाहल | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | ५,००,००० |
| ८ | ता.न.पा.११ तीनलाकुरी सार्वजनिक शौचालय निर्माण | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | १ | संख्या | ३,००,००० |
| ९ | ता.न.पा.११ वडा कार्यालय मर्मत | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | १ | संख्या | ११,५०,००० |
| १० | ता.न.पा.माथिल्लो मिनिहल | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | १३,००,००० |
| ११ | धोविधारा महिला स्नानगृह निर्माण | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | ७,००,००० |
| १२ | नगर तथा वडास्तरका आयोजना (म्याद थप भएका अन्य योजना समेत) | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | ५०,००,००० |
| १३ | नगरपालिकाको कार्यालय कक्ष पार्वेटिङ्ग | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | १,००,००० |
| १४ | भगवती मन्दिर | सम्पदा पूर्वाधार | ३११५९ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | ८,७९,००० |
| १५ | भगवती मन्दिर प्राङ्गण (शर्मा निर्माण प्रा.लि.) | सम्पदा पूर्वाधार | ३११५९ | आन्तरिक श्रोत - नगद | १ | संख्या | ३,२०,३१८ |
| १६ | शितलपाटि देखि हुलाक हुँदै एन.आई.सी बैंक सम्मको ढुङ्गा छाप्ने काम | यातयात पूर्वाधार | ३११५९ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | ६०,००,००० |
| १७ | शीत भण्डार निर्माण योजना, ता.न.पा. ७ बाघखोर | यातयात पूर्वाधार | ३११५९ | आन्तरिक श्रोत - नगद | ४ | संख्या | १,८४,१०,७७१ |
| | कुल जम्मा | | | | | | ६,१५,००,००० |

पि[illegible] पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. ४०**

तानसेन नगरपालिकाको कृषि र पशुपालन क्षेत्रलाई दीर्घकालीन र स्थायी रुपमा स्तरोन्नती गरी उत्पादनलाई विशिष्टिकृत र सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै आधुनिक तथा व्यवसायिक खेती प्रणालीको विकास गर्नका लागि तानसेन नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालनका लागि कार्य विवरण (Terms Of Reference-TOR) २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४१**

तानसेन नगरपालिका वडा नं. ४ सिलखानटोलमा मदन आश्रित स्मृती पुस्तकालय भवन निर्माण पाल्पाको लागि लुम्बिनी प्रदेश सरकारबाट प्रदेश शसर्त अनुदान पुँजिगत तर्फ जम्मा रु. १ करोड २ लाख विनियोजन गरिएको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेशको पत्रअनुसार उक्त आयोजना संचालन गर्न मदन आश्रित स्मृती प्रतिष्ठान पाल्पाको नाममा जग्गा हुनुपर्ने निर्देशन भएको र मिति २०८१।६।२२ मा मदन आश्रित स्मृती प्रतिष्ठान पाल्पा नेपालले उक्त योजना कार्यान्वय प्रकृया अगाडी बढाईदिनुहुन भनि अनुरोध गरेको र मदन आश्रित स्मृती प्रतिष्ठान पाल्पाको नाममा जग्गा प्राप्त भए पश्चात योजनाको सम्झौता गर्नेगरी हाल लागत अनुमान तयार गरी बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२**

तानसेन नगरपालिका वडा नं. १४ मा पर्ने कालीगण्डकी नदीमा पर्ने विभिन्न घाट तथा बगरहरुबाट नदीजन्य पदार्थ संकलन तथा निकासीको लागि सम्मानित सर्वोच्च आदलतको कालीगण्डकी डाईभर्सन सम्बन्धि मुद्दामा भएको अन्तरिम आदेश एवं फैसलाको पूर्णपाठ आउन बाँकी रहेकोले ठेक्का बन्दोबस्त प्रक्रिया अगाडी बढाउन नसकिएकोले उल्लेखित क्षेत्रबाट नदीजन्य पदार्थ चोरी निकासी हुन सक्ने तथा यस चालु आ.व. को स्वीकृत विकास निर्माणका कार्यहरुमा निर्माण सामाग्रीहरुको अभाव भई योजना लागत खर्च बृद्धि हुने भएकोले ता.न.पा. १४ नं. वडा कार्यालयको प्रत्यक्ष नियन्त्रण र निगरानीमा घाटगद्दीको व्यवस्था मिलाउने र घाटगद्दी पश्चात प्राविधिकहरुको स्थलगत निरीक्षण र नापजाँच पश्चात् परिणाम यकिन गरि प्राप्त प्रतिवेदनको आधारमा राजश्व असुली गरी बिक्रि वितरण व्यवस्था मिलाउने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ४३

तानसेन नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को नियम १५ बमोजिम गठित देहाय बमोजिमका समितिबाट पेश भएका प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई लागि आवश्यक कार्यान्वयनको व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

देहाय

(क) सुशासन तथा संस्थागत क्षमता विकास समिति

(ख) सामाजिक विकास समिति

(ग) आर्थिक विकास समिति

(घ) वन तथा वातावरण र विपद् व्यवस्थापन समिति

(ङ) पूर्वाधार विकास समिति

साथै नगरपालिकाले प्रदान गर्दै आएको स्वास्थ्य बिमा सुविधाका सम्बन्धमा थप अध्ययन गरी प्रतिवेदन पेश गर्न सामाजिक विकास समिति र लिलाम गर्नुपर्ने जिन्सी सम्पत्तीहरुको विवरण सम्बन्धमा छलफल गरी कार्यान्वयनका लागि आवश्यक सुझाव पेश गर्न सुशासन तथा संस्थागत क्षमता विकास समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४

तानसेन नगरपालिका र जिल्ला समन्वय समिति प्रमुखज्यूको संयुक्त उपस्थितिमा तानसेन नगरपालिका वडा नं. ५ मा रहेको ल्याण्डफिल साइटको अनुगमन गरी तत्काल बसेको बैठकबाट विभिन्न निर्णय भई जिल्ला समन्वय समितिबाट सुझाव सहितको प्रतिवेदन पेश हुन आएकोले उक्त प्रतिवेदनमा प्राप्त बुँदाहरुमा छलफल गरिएकोमा आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरियो ।

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पितामबर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner